प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## बागमती प्रदेश

(प्रादेशिक योजना तथा अनुगमन शाखा)

हेटौंडा, मकवानपुर, नेपाल

प.सं. १३/०७७/७८, च.नं. ३८६

मिति: २०७७/०७/१६

**विषय: विवरण उपलब्ध गराउने सम्बन्धमा।**

श्री स्थानीय तहहरु सबै (चितवन, रसुवा, सिन्धुली, दोलखा, रामेछाप र मकवानपुर जिल्ला),
बागमती प्रदेश ।

उपरोक्त सम्बन्धमा अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजश्व बाँडफाँटका सम्बन्धमा देहायको मिति र समयमा उल्लेखित विषयहरुमा तहाँ स्थानीय तहहरुसँग भर्चुअल माध्यमबाट अन्तर्क्रिया कार्यक्रम सञ्चालन हुने भएकोले तहाँ स्थानीय तहको **प्रमुख/अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको सम्पर्क मोबाईल नं र इमेल आइ.डि. यथाशिघ्र उपलब्ध गराईदिनुहुन** यस मन्त्रालयको मिति २०७७/०७/१६ को निर्णयानुसार अनुरोध छ।

**कार्यक्रम तालिका**

| क.सं. | जिल्ला र स्थानीय तह संख्या | अन्तर्क्रिया हुने मिति र समय |
|---|---|---|
| १ | चितवन र रसुवा जिल्लाका सबै स्थानीय तह | २०७७/०७/२१ गते दिनको १२:१५ देखि ३ बजेसम्म |
| २ | सिन्धुली जिल्लाका सबै स्थानीय तह | २०७७/०७/२३ गते दिनको १२:१५ देखि ३ बजेसम्म |
| ३ | दोलखा जिल्लाका सबै स्थानीय तह | २०७७/०७/२४ गते दिनको १२:१५ देखि ३ बजेसम्म |
| ४ | रामेछाप जिल्लाका सबै स्थानीय तह | २०७७/०७/२५ गते दिनको १२:१५ देखि ३ बजेसम्म |
| ५ | मकवानपुर जिल्लाका सबै स्थानीय तह | २०७७/०७/२६ गते दिनको १२:१५ देखि ३ बजेसम्म |

**छलफलका विषयहरु:**

१. गत आर्थिक वर्ष २०७६/७७ को वित्तीय हस्तान्तरणमा आधारित सशर्त, समपूरक तथा विशेष अनुदानका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन तथा सो को प्रगति

२. अनुदानमा आधारित योजना तथा कार्यक्रमहरुको आर्थिक वर्षको मसान्तसम्ममा भएको खर्च तथा प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला भएको विवरण

३. राजश्व बाँडफाँटका सम्बन्धमा स्थानीय तहहरुले संकलन गरेको राजश्व तथा प्रदेश सञ्चित कोषमा दाखिला गरे/नगरेको विवरण

४. चालु आर्थिक वर्ष २०७७/७८ मा वित्तीय हस्तान्तरण भएका सशर्त, समपूरक तथा विशेष अनुदानमा आधारित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था

**नोटः** अन्तर्क्रिया कार्यक्रमको लागि **ZOOM Meeting ID** र **Password** सम्बन्धित पदाधिकारी व्यक्तिहरुको मोबाईल नम्बर र इमेलमा कार्यक्रम हुने अघिल्लो दिन उपलब्ध गराईनेछ ।

२०७७/०७/१६
प्रमोद सिंखडा
शाखा अधिकृत

**बोधार्थ:**

माननीय मन्त्रीज्यूको नीजि सचिवालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बागमती प्रदेश, हेटौंडा ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, हेटौंडा ।
श्री राजश्व व्यवस्थापन शाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश ।
श्री सूचना प्रविधी शाखा, उल्लेखित जिल्लाका स्थानीय तहहरुलाई मेल गरी वेवसाईटमा समेत अपलोड गर्नुहुन ।